# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७३/०९/१९ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

---

भवानी निम्न माध्यामिक विद्यालय धुर्कोट, नवलपरासीमा कार्यरत प्राथमिक तह (राहत) शिक्षिका हेमन्ती तरामु मगरले प्रमाणपत्र तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी शिक्षक पदमा नियुक्ति लिई जागिर समेत खाएको भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान तथा छानविन हुंदा निज प्रा.वि. शिक्षिका हेमन्ती तरामु मगरले उक्त पदमा नियुक्ति पाउने र सो हैसियतले लाभ तथा सुविधा पाउने उद्देश्यले त्रिभुवन विश्वविद्यालय अन्तर्गत रहेको बुटवल बहुमुखी क्याम्पस, बुटवलबाट सन् २००५/२००७ मा प्रमाणपत्र तहको परीक्षा उत्तिर्ण गरेको झुठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएको हुंदा निज हेमन्ती तरामु मगरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलव्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिबिधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(खगेन्द्र प्रसाद रिजाल)
उपसचिव एवम् सहायक प्रवक्ता